# बन्दिपुर गाउँपालिकाबाट गरिने बजार व्यवस्थापन तथा अनुगमन निर्देशिका, २०८०

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) ले दिएको अधिकार प्रयोग गरी बन्दीपुर गाउँकार्यपालिकाले यो बन्दीपुर गाउँपालिकाबाट गरिने बजार व्यवस्थापन तथा अनुगमन निर्देशिका, २०८० जारी गरेको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(क) यस निर्देशिकाको नाम " बन्दिपुर गाउपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका, २०८०" रहेको छ ।

(ख) यो निर्देशिका बन्दीपुर गाउँकार्यपालिकाको मिति २०८०/०६/०९ गतेको वैठक बाट स्वीकृत गरिएको छ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "अध्यक्ष" भन्नाले बन्दिपुर गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(ख) "उपाध्यक्ष" भन्नाले बन्दिपुर गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

(ग) "अनुगमन टोली" भन्नाले दफा ७ बमोजिम गठन गरेको बजार अनुगमन टोली सम्झनु पर्दछ ।

(घ) "उपभोक्ता हित संरक्षण समिति" भन्नाले दफा ३ बमोजिम गठित समिति बुझ्नु पर्दछ ।

(ङ) "कार्यालय" भन्नाले बन्दिपुर गाउँकार्यपालिकाको कार्यालय वा वडा कार्यालय सम्झनु पर्दछ ।

(च) "प्रदायक" भन्नाले वस्तु वा सेवाको उत्पादक, आयातकर्ता, भण्डारण वा विक्रिवितरण गर्ने व्यक्ति वा संस्था सम्झनु पर्दछ ।

(छ) "वस्तु" भन्नाले उपभोक्ताले उपभोग वा प्रयोग गर्ने वस्तुको संमिश्रणबाट बनेको पदार्थ सम्झनु पर्दछ र सो शब्दले उपभोग्य वस्तुको निर्माणमा प्रयोग हुने कच्चा पदार्थ, रङ्ग, सुगन्ध वा रसायनलाई समेत जनाउछ ।

(ज) "विक्रेता" भन्नाले वस्तु वा सेवाको उत्पादक, पैठारीकर्ता, थोक वा खुद्रा विक्रेता, सेवा प्रदायक सम्झनु पर्दछ । सो शब्दले होटल, लज, होष्टेल, खाजाघर संचालक आदिलाइ समेत जनाउने छ ।

(झ) "शाखा प्रमुख" भन्नाले उपभोक्ता हित संरक्षण सम्बन्धी काम हेर्ने गरी तोकिएको अधिकृत सम्झनु पर्दछ ।

(ञ) "सेवा" भन्नाले व्यवसायिक सेवा, संचार सेवा, निर्माण तथा इन्जिनियरिङ सेवा, वितरण सेवा, शिक्षा सेवा, वातावरणीय सेवा, वित्तिय सेवा, स्वास्थ्य र सामाजिक सेवा, पर्यटन सेवा, मनोरञ्जन तथा खेलकुद सेवा, यातायात सेवा लगायतका दस्तुर/पारिश्रमिक लिई वा नलिई प्रदान गरिने सम्पूर्ण सेवाहरू सम्झनु पर्दछ ।

(ट) "समिति" भन्नाले उपभोक्ता हित संरक्षण समिति भन्ने सम्झनु पर्दछ ।

(ठ) "संयोजक" भन्नाले यस कार्यविधि बमोजिम गठित उपभोक्ता हित संरक्षण समितिको संयोजक सम्झनु पर्दछ ।

(ड) "कार्यपालिका" भन्नाले बन्दीपुर गाउँकार्यपालिकालाई सम्झनु पर्दछ ।

# परिच्छेद-२

## उपभोक्ता हित संरक्षण समिति

### ३. उपभोक्ता हित संरक्षण समिति:

१. उपभोक्ताको हित संरक्षण सम्बन्धी बिषयमा आवश्यक नीतिगत व्यवस्था गर्न तथा बजार अनुगमन कार्यलाई मार्गदर्शन एंव समन्वयको लागि देहाय बमोजिम एक उपभोक्ता हित संरक्षण समितिको गठन हुनेछ।

| | | |
|---|---|---|
| (क) बन्दिपुर गाउँपालिकाको उपाध्यक्ष | - | संयोजक |
| (ख) बन्दिपुर गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत | - | सदस्य |
| (ग) गाउँकार्यपालिका सदस्यहरुमध्ये अध्यक्षले मनोनित गरेको १ जना | - | सदस्य |
| (घ) इलाका प्रहरी कार्यालय बन्दीपुरका प्रमुख वा प्रतिनिधि | - | सदस्य |
| (ङ) तनहुँ उद्योग बाणिज्य संघ, बन्दिपुर/डुम्रे बजार इकाइ समितिका अध्यक्ष वा प्रतिनिधि | - | सदस्य |
| (च) उपभोक्ता हित संरक्षणमा क्रियाशिल संस्था वा व्यक्तिहरु मध्येबाट अध्यक्षले मनोनित गरेका १ जना | - | सदस्य |
| (छ) कार्यालयको उपभोक्ता हित संरक्षण हेर्ने शाखा/इकाईका प्रमुख | - | सदस्य सचिव |

२. दफा (१) बमोजिमको समितिमा उपलब्ध भएसम्म जिल्ला प्रशासन कार्यालय, तनहुँको प्रतिनिधि एक जना, विषयगत क्षेत्र खाद्य, गुणस्तर, औषधी, जनस्वास्थ्य, पर्यटन तथा उद्योग कार्यालय, कृषि ज्ञान केन्द्र, पशु सेवा विज्ञ तथा भेटेरिनरी अस्पतालका प्रतिनिधिलाई आमन्त्रित सदस्यको रुपमा बोलाइनेछ।

### ४. उपभोक्ता हित संरक्षण समितिका काम कर्तब्य र अधिकार

क. उपभोक्ता हित संरक्षणको लागि आबश्यक नीतिगत ब्यवस्था गर्ने ।

ख. अत्यावश्यक बस्तुहरुको माग र आपूर्तिको अवस्था सम्बन्धी तथ्याङ्क संकलन र मागको प्रक्षेपण गर्ने,

ग. समितिले यस निर्देशिकाको दफा (८) २ अनुसार गठित अनुगमन टोलीद्वारा अनुसूची-१ बमोजिम प्रस्तुत गरेको बजार अनुगमन सम्बन्धी प्रतिवेदन माथि छलफल र विश्लेषण गरी आवश्यक निर्देशन दिने,

घ. उपभोक्तको हित संरक्षण गर्न आपूर्ति व्यवस्था र उपभोग्य वस्तु वा सेवाको छड्के अनुगमन गर्ने,

ङ. बजार अनुगमन सम्बन्धी कामको मूल्याङकन गर्ने र टोलीलाई आवश्यकता अनुसार मार्ग दर्शन गर्ने ,

च. गाउँपालिकाले दिएको अन्य निर्देशन र आदेशको कार्यान्वयन गर्ने/ गराउने ।

छ. उपभोक्ता हित विपरित कार्यमा आवश्यक कानुनी कारवाहीको लागि निरीक्षण वा अनुसन्धान अधिकृत तोक्ने ।

### ५. उपभोक्ता हित संरक्षण समितिको बैठक सम्बन्धी कार्यबिधि:

उपभोक्ता हित संरक्षण समितिको बैठक महिनामा एक पटक अनिवार्य रूपमा बस्नु पर्नेछ । समितिको बैठक लगायत अन्य आफ्नो कार्यविधि आफै तयार गर्नेछ ।

# परिच्छेद -३

## बजार अनुगमन सम्बन्धी व्यवस्था

६. वस्तु वा सेवाको दर्ता, आपूर्ति, मूल्य, गुणस्तर, नापतौल लगायत व्यवसायिक एवं व्यापारिक क्रियाकलापलाई उपभोक्ता मैत्री बनाउन कार्यालयले निम्न व्यवस्था गर्नु पर्नेछ :-

(क) गुणस्तरीय उपभोग्य वस्तु तथा सेवाको सहज र सर्वसुलभ आपूर्ति हुने वातावरणको सुनिश्चितता सहित उपभोक्ताको हक र हितको संरक्षण गर्न कार्यालयमा उपभोक्ता हित संरक्षण शाखाको व्यवस्था गरी नियमित र प्रभावकारी बजार अनुगमनको व्यवस्था गर्ने,

(ख) बजार प्रणालीलाई प्रतिस्पर्धी र उपभोक्ता प्रति जिम्मेवार तुल्याउन यो निर्देशिका तथा अन्य प्रचलित कानुनको कार्यान्वयनमा जोड दिने,

(ग) उपभोक्ता शिक्षा सम्बन्धी सचेतना र बजार अनुगमनको कार्ययोजना तयार गरी उपभोक्ता हित संरक्षणको विषयलाई विशेष प्राथमिकतामा राख्ने,

(घ) उपभोक्तालाई सचेत र जागरूक तुल्याउन वडा समितिको कार्यालयदेखि नै उपभोक्ता सचेतना लगायतका कार्यक्रमहरु संचालन गर्ने,

(ङ) गाउँपालिका अन्तर्गत स्थापित वा संचालित उद्योग व्यवसायको दर्ता, नविकरण, बिल विजक तथा बिक्रीको लागि राखिएका मालवस्तु, नापतौल, गुणस्तर, लेबल, आपूर्ति, उत्पादन तथा उपभोग मिति आदिको अनुगमन गर्ने, गराउने,

(च) तरकारी, फलफूल, माछा, मासु, मिठाई पसल, डेरी, होटल लगायतका खाद्य वस्तुको बिक्री स्थलको मापदण्ड तोक्ने र छुट्टै फलफूल तथा तरकारी बजार र वधशालाको व्यवस्था गर्ने, गराउने,

७. बजार अनुगमन टोली गठन :

१. वस्तु वा सेवा प्रदायक व्यवसायको दर्ता, नविकरण, आपुर्ति, मुल्य, नापतौल, विज्ञापन लगायत व्यापारिक त्रियाकलापको नियमित एंव आकस्मिक अनुगमनको लागि गाउँपालिकाले बजार अनुगमन टोली गठन गर्नेछ।

२. उपदफा (१) बमोजिम गठन हुने अनुगमन टोलीमा देहाय बमोजिमको पदाधिकारीहरु रहनेछन :

क. कार्यालयको उपभोक्ता हित संरक्षण हेर्ने शाखा/इकाईको प्रमुख - संयोजक

ख. सम्बन्धित विषयगत क्षेत्रको प्रतिनिधि (उपलब्ध भएसम्म) - सदस्य

ग. इकाइ प्रहरी कार्यालय बन्दीपुर/डुम्रेको प्रतिनिधि - सदस्य

घ. उपभोक्ता हित संरक्षणमा क्रियाशिल सामाजिक संस्था वा ब्यक्तिहरुमध्ये बाट अध्यक्षले मनोनित गरेका १ जना - सदस्य

ङ. तनहुँ उद्योग बाणिज्य संघ, बन्दिपुर/डुम्रे बजार इकाइ समितिका प्रतिनिधि १ जना - सदस्य

च. नेपाल पत्रकार महासंघका प्रतिनिधि वा संचारकर्मी मध्येबाट अध्यक्षले मनोनित गरेको १ जना - सदस्य

छ. सम्बन्धित वडाका वडाअध्यक्ष वा प्रतिनिधि १ जना - सदस्य

ज. प्रमुख प्रशासकीय अधिकृतले तोकेको गाउँपालिकाको कर्मचारी एक जना - सदस्य सचिव

३. अनुगमन टोलीमा संयोजक सहित कम्तीमा ५ जना प्रतिनिधि संलग्न भइ बजार अनुगमन सम्बन्धी कार्य गरिने छ । तर कुनै विषयगत क्षेत्रको अनुगमन गर्ने कार्यमा सम्बन्धित विषयगत क्षेत्रको विज्ञ/प्रतिनिधी अनिवार्य रुपमा समावेश गराउनु पर्ने छ । (बिषयगत बिज्ञ वा प्रतिनिधी भन्नाले जस्तै खाद्य वा कृषि उपजको लागि खाद्य निरीक्षक वा उपलब्ध नभएमा कृषि प्राविधिक बुझिने छ ।)

४. उपदफा ३ मा जुनसुकै कुरा लेखिएको भएता पनि संयोजक विदा बसेको वा कुनै कारणवश अनुपस्थित भएको अवस्थामा निजको कामकाज गर्ने गरी अध्यक्षले तोकेको कर्मचारीले अनुगमन टोलीको संयोजकको रुपमा काम गर्नेछ ।

५. उपभोक्ता हित संरक्षण हेर्ने शाखा वा इकाइले मासिक रुपमा तोकिएको ढाचामा बजार अनुगमनको एकीकृत प्रतिवेदन समिति समक्ष पेश गर्नु पर्नेछ । समितिले उक्त प्रतिवेदन कार्यपालिकामा पेश गर्नु पर्दछ ।

८. बजार अनुगमन टोलीको काम, कर्तव्य र अधिकारः-

दफा ७ (१) बमोजिम गठित बजार अनुगमन टोलीले प्रचलित कानुन बमोजिम देहाय अनुसारका कार्यहरू गर्नुपर्नेछः-

(क) बजार अनुगमनको पूर्व कार्य योजना र मासिक अनुगमन कार्यतालिका बनाई स्वीकृतीको लागि समितिमा पेश गर्ने,

(ख) स्वीकृत कार्ययोजना बमोजिम नियमित रूपमा बजार अनुगमन गर्ने र आवश्यकता बमोजिम आकस्मिक वा विशेष अनुगमन गर्ने,

(ग) वस्तु वा सेवाको दर्ता, आपूर्ति, मूल्य, गुणस्तर, नापतौल, विज्ञापन लगायतका व्यापारिक क्रियाकलापको अनुगमन गर्ने,

(घ) कालोबजारी, एकाधिकार (सिन्डिकेट), मिलीमतोपूर्ण भाउ निर्धारण (कार्टेलिङ्ग), कृतिम अभाव तथा बजार प्रवेशमा अवरोध गर्ने जस्ता गैर प्रतिस्पर्धी व्यापारिक क्रियाकलाप भए/ नभएको अनुगमन गर्ने,

(ङ) कुनै वस्तुको अनुचित व्यापारिक क्रियाकलाप (मिसावट/गुणस्तरहिन) कम तौल भएको देखिएमा/भेटिएमा आवश्यकता अनुसार त्यस्ता वस्तु जफत गर्ने, नष्ट गर्ने, कारोवार रोक्का गर्ने वा बन्द गर्ने लगायतका कार्य गर्ने,

(च) समितिले दिएका आदेश एवं निर्देशन कार्यान्वयन गर्ने ।

(छ) बजार अनुगमन सम्बन्धी प्रतिवेदन समिति र कार्यालय समक्ष ३ दिन भित्र पेश गर्नु पर्नेछ ।

## परिच्छेद-४

## उजुरी सम्बन्धी व्यवस्था

९. उजुरी दिन सक्नेः

(क) कुनै वस्तु वा सेवाको विक्रेता वा प्रदायकले उपभोक्ताको हित विपरित व्यापारिक क्रियाकलाप गरेको भनि समिति वा बजार अनुगमन टोली वा कार्यालयको उपभोक्ता हित संरक्षण सम्बन्धी विषय हेर्ने शाखामा मौखिक वा लिखित उजुरी दिन सक्नेछ।

(ख) उपदफा (क) का अतिरिक्त सार्वजनिक सञ्चार माध्यमबाट प्राप्त सूचनालाई उजुरीको रूपमा ग्रहण गरी अभिलेखीकण गर्ने,

(ग) उपदफा (क) वा (ख) बमोजिमको उजुरी वा अन्य कुनै सरकारी निकायबाट अनुगमनको लागि लेखि आएमा सो लाई समेत उजुरीको रूपमा ग्रहण गरी बजार अनुगमन टोलीले अनुगमन तथा निरीक्षण गर्नु पर्नेछ,

(घ) उपदफा (ग) बमोजिम अनुगमन तथा निरिक्षण गर्दा विक्रेता वा सेवा प्रदायकले प्रचलित कानुन वा मापदण्ड विपरित व्यापारिक क्रियाकलाप गरेको पाइएमा तत्काल कारवाहीको प्रक्रिया अगाडि बढाइनेछ।

## परिच्छेद-५

## अनुगमन सम्बन्धी प्रकृया

१०. अनुगमनको पूर्व तयारी : अनुगमन टोलीले अनुगमन गर्नु पूर्व देहायको तयारी गर्नु पर्नेछ :

(क) अनुगमन टोलीले बजार अनुगमनमा जानु पूर्व अत्यावश्यक वस्तु तथा सेवा मध्ये कुन कुन विषयलाई पहिलो प्राथमिकतामा राख्ने हो त्यस्तो अनुगमन गर्नुपर्ने विषयको गाम्भियर्ता हेरी कार्यसूची तयार गर्नुपर्नेछ।

(ख) अनुगमन गर्दा अनुगमन गरिने वस्तु वा सेवासग सम्बन्धित कानूनहरु तथा गरिने कार्यको चेकलिस्ट साथै राख्नु जानुपर्नेछ।

(ग) वस्तु तथा सेवाको आपूर्ति, विक्री वितरण, मूल्य, गुणस्तर आदिको बारेमा पर्याप्त सूचना र जानकारी हासिल गर्नुपर्नेछ।

(घ) अनुगमनका लागि आवश्यक पर्ने श्रोतसाधन र सुरक्षा सम्बन्धी आवश्यक पूर्व तयारी गर्नुपर्नेछ।

११. बजार अनुगमनः

१. बजार अनुगमन टोलीले बजार अनुगमन गर्दा निम्न विषयमा विशेष ध्यान दिनु पर्नेछ :

क. बिक्रेता वा सेवा प्रदायकले नियामक निकायबाट कानुन बमोजिम प्रदान गरिने गरेको व्यवसाय दर्ता प्रमाण-पत्र, स्थायी लेखा नम्बर (प्यान) को प्रमाण-पत्र लिए नलिएको,

ख. खाद्य अनुज्ञा-पत्र, औषधी पसल दर्ता प्रमाणपत्र लगायत व्यवसाय सञ्चालन गर्न आवश्यक कागजातहरु लिए नलिएको र प्रमाणपत्र लिएकोमा नवीकरण गरे नगरेको,

ग. बिक्रेता वा सेवा प्रदायकले आफ्नो व्यवसायको साइनबोर्ड राखे नराखेको,

घ. बिक्रेता वा प्रदायकले वस्तुको विक्रि कक्षमा मूल्य सूची राखे नराखेको,

ङ. माल, वस्तुको परिमाण, मूल्य, गुणस्तर र तौल ठिक भए नभएको,

च. प्याकेजिङ्ग गरिएको वस्तुको लेबलमा उत्पादक वा पैठारीकर्ताको नाम, उत्पादन मिति, उपभोग्य अवधि वा मिति, अधिकतम खुद्रा मूल्य, मिश्रण, भण्डारण र उपभोग गर्ने तरिका उल्लेख गरे नगरेको,

छ. औषधि वा औषधियुक्त पदार्थ भए सो को प्याकिङ्ग, लेभलिङ स्पष्ट भए नभएको, उचित भण्डारण भए नभएको, प्रयोग गर्ने तरिका उल्लेख भए नभएको, औषधीविज्ञ (फार्मासिष्ट) औषधी बिक्री स्थलमा भए नभएको एवं औषधि विक्रेता प्रमाणपत्र भए नभएको,

ज. म्याद नाघेको औषधी, बेकरी, भुजिया, दालमोठ, चाउचाउ, बिस्कुट, मिठाई, चकलेट, अन्य प्रशोधित खानेकुरा लगायतका खाद्य तथा उपभोग्य वस्तुहरू बिक्रीका लागि राखे नराखेको,

झ. माछामासु, फलफूल, तरकारी, मिठाई पसल, डेरी र होटल बधशाला वा माछा मासु विक्रिस्थल सफासुग्घर र मापदण्ड अनुसार भए नभएको,

ञ. प्रदायकले बिक्रेता वा क्रेतालाई वस्तुको बील बिजक जारी गरे नगरेको,

२. दफा १ मा जुनसुकै कुरा लेखिएको भएता पनि अनुसूची-२ मा उल्लेखित वस्तु र सेवाको अनुगमन गर्न कार्यालयले उपभोक्ता हित संरक्षण हेर्ने शाखा/इकाईलाई दिएको कार्यविवरण बमोजिम मात्र अनुगमन गर्नुपर्दछ।

३. अनुगमन टोलीले दैनिक बजार अनुगमन गर्दा प्रयोग गर्ने फारामको ढाँचा अनुसूची ३ बमोजिम हुनेछ।

१२. तत्काल कारबाही गरिने:

१. अनुगमन टोलीले दफा १२ बमोजिम अनुगमन गर्दा देहाय बमोजिम तत्काल कारबाही गर्न सक्नेछ :-

क. दफा १२ को खण्ड (क) र (ख) बमोजिम प्रमाणपत्र नलिएको वा नवीकरण नगरेको पाइएमा बढीमा १५ दिनभित्र त्यस्तो कार्य गरी कार्यालयमा सोको जानकारी पेश गर्न लिखित निर्देशन दिने,

ख. दफा १२ को खण्ड (ग) बमोजिम साइनबोर्ड नराखेकोमा ३ दिनभित्रमा त्यस्तो साइनबोर्ड राखी सोको जानकारी कार्यालयमा दिन लिखित निर्देशन दिने,

ग. दफा १२ को खण्ड (घ) बमोजिम मूल्य सूची नराखेको भए ३ दिनभित्र मूल्यसूची टाँसी सोको जानकारी कार्यालयमा गराउन लिखित निर्देशन दिने,

घ. दफा १२ को खण्ड (ङ), (च), (छ), (ज), (झ) विपरितको कार्यमा सुधार गर्न सम्बन्धित प्रदायकलाई अवस्था हेरी १ महिनासम्म सुधार गरी सोको जानकारी कार्यालयमा गराउन लिखित निर्देशन दिने आवश्यकता अनुसार मुचुल्का उठाई त्यस्ता उपभोग्य वस्तु नष्ट गर्ने वा गराउने,

ङ. उपभोग्य वस्तुमा उत्पादन मिति वा उपभोग्य मिति केरमेट गरेको वा पुन: लेबलिङ वा छपाई गरेको छ वा छैन हेरी पुन: लेबलिङ वा छपाई गरेको पाईएमा त्यस्तो वस्तु प्रचलित कानुन बमोजिम मुचुल्का उठाई नष्ट गर्ने,

च. दफा १२ को खण्ड (ञ) बमोजिम बील विजक जारी नगरेकोमा बील विजक जारी गर्न निर्देशन दिने।

२. दफा (१) बमोजिम तत्काल कारबाही गरेको कुराको जानकारी यथाशिघ्र समितिलाई दिनु पर्नेछ।

३. अनुगमन टोलीलाई बजार अनुगमन गर्ने कार्यमा कसैले बाधा अवरोध गरेमा त्यस्तो कार्यको प्रकृति अनुसार सजग गराउने वा चेतावनी दिने वा अटेर गरेमा २० हजार रुपैयाँसम्म जरिवाना गर्ने सक्नेछ।

४. दफा (३) बमोजिम अनुगमन गर्दा व्यापारी, व्यवसायी वा प्रदायकले बाधा अवरोध गरेमा त्यस्तो अवरोध गर्नेलाई प्रचलित कानून बमोजिम कारबाही हुने रहेछ भने त्यस्तो कारबाहीको लागि सम्बन्धित अधिकारी वा निकाय समक्ष सिफारिस गर्नु पर्नेछ।

५. दफा (३) बमोजिम बजार अनुगमन टोलीले सजग गराउनु वा चेतावनी दिनु वा जरिवाना गर्नु अघि समितिको अनुमति लिनु पर्नेछ।

१३. दण्ड र सजाय सम्बन्धी अन्य व्यवस्था: दण्ड र सजाय सम्बन्धी अन्य व्यवस्था कार्यपालिकाको निर्णय, उपभोक्ता हित संरक्षण ऐन तथा अन्य प्रचलित कानूनको अधिनमा रही बजार अनुगमनबाट दोषी पाइएका व्यवसायी उपर कानुनी कारवाही र दण्ड सजाय हुनेछ।

१४. बजार अनुगमन गर्ने प्रक्रिया:

१. अनुगमन टोलीले बजार अनुगमन गर्दा देहाय बमोजिमको प्रक्रिया अवलम्बन गर्नु पर्नेछ।

क. अनुगमनमा खटिने कर्मचारी वा सदस्यले अनिवार्य रुपमा आफ्नो परिचय पत्र लगाउनु पर्ने,

ख. टोलिका संयोजकले अनुगमनको आवश्यकताबारे शिष्ट भाषामा जानकारी गराउनु पर्ने,

ग. अनुगमन टोलीले बजार अनुगमन गर्दा वस्तु वा सेवाको नमूना संकलन गर्नुपर्ने देखिएमा प्रचलित कानून बमोजिम त्यस्तो वस्तु संकलन गरी सोको यथार्थ विवरण खुलाई सम्भव भएसम्म सम्बन्धित व्यवसायीको समेत दस्तखत भएको स्थलगत मुचुल्का तयार गर्ने,

२. दफा २ को खण्ड (ग) बमोजिमको मुचुल्कामा सम्बन्धित व्यवसायीले दस्तखत गर्न नमानेमा सोही व्यहोरा जनाई उपस्थित व्यक्तिहरुको रोहबरमा मुचुल्का उठाई सिलबन्दी गरी परीक्षणको लागि अबलिम्ब सम्बन्धित निकायमा नमुना समावेश गरी पठाउनु पर्नेछ।

३. अनुगमन टोलीले अनुगमन गर्दा तत्काल सुधार गर्नुपर्ने कुराहरु देखेमा सम्बन्धित बिक्रेता वा प्रदायकलाई अवधी तोकी दफा १३ बमोजिम लिखित निर्देशन दिई सुधार गर्न आदेश दिन सक्नेछ।

४. अनुगमन टोलीले बजार अनुगमन गर्दा कुनै वस्तु तत्काल नष्ट नगरे जनस्वास्थ्यमा असर पर्ने कुरामा विश्वस्त भएमा त्यस्ता वस्तुको नमूना संकलन गरी प्रमाणको रूपमा सुरक्षित राखी अन्य प्रचलित कानून बमोजिम आवश्यक प्रक्रिया पुर्‍याई सम्बन्धित व्यवसायी र उपस्थित व्यक्तिहरूको रोहवरमा मुचुल्का गरी वातावरणमा असर नपर्ने गरी त्यस्तो वस्तु नष्ट गर्नुपर्नेछ।

५. यस दफा बमोजिम तयार गर्नुपर्ने मुचुल्काको ढाँचा अनुसूची – ४ बमोजिम हुनेछ।

१५. अन्य काम गर्न सक्ने:

१. दफा १४ मा उल्लेख भएका प्रक्रियाका अतिरिक्त अनुगमन टोलीले बजार अनुगमन गर्दा देहाय बमोजिमको काम गर्न सक्नेछ :-

क. वस्तु वा सेवा भएको स्थानको खानतलासी गर्न वा खानतलासीबाट वस्तु वा सेवाको विक्री वितरणमा अनुचित वा अनियमित कार्य गरेको पाइएमा आवश्यकता अनुसार त्यस्तो सेवा वा वस्तुको प्रयोग वा बिक्री वितरणमा रोक लगाई त्यस्ता बस्तु अनुगमन टोलीले कब्जामा लिने,

ख. अनुगमन गर्दा कुनै कानूनी कारवाही गर्नुपर्ने देखिएमा अनुगमन टोलीले सम्बन्धित व्यवसायीसँग तुरून्त लिखित स्पष्टीकरण माग गर्न सक्ने,

ग. अनुगमन टोलीको प्रतिवेदन वा नमूना परीक्षणबाट गर्दा मुद्दा दायर गर्नुपर्ने देखिएमा समितिबाट निर्णय गरी यथाशिघ्र प्रचलित कानून बमोजिमको अधिकारी समक्ष आवश्यक कागजात सहित लेखी पठाउनु पर्ने,

घ. अनुगमन टोलीले अखाद्य वस्तु वा अन्य वस्तु नष्ट गर्दा लागेको खर्च सम्बन्धित व्यापारी वा व्यवसायी बाट असुल उपर गर्नेपर्ने,

ङ. अनुगमन गरिएका माल वस्तुको प्रकृति अनुसार कानून बमोजिम मुचुल्का उठाउनु पर्नेमा मुचुल्का उठाउने, चेकलिष्ट अनुसार भए नभएको हेर्ने र नमूना परीक्षण लिनुपर्ने भएमा प्रचलित कानून बमोजिम नमूना संकलन गरी परीक्षणको लागि सम्बन्धित निकायमा पठाउने,

च. निरीक्षण, जााचबुझ वा खानतलासी गर्दा उपभोग्य वस्तु रोक्का राख्नुपर्ने भएमा प्रचलित कानून बमोजिम रोक्का राख्न लगाउने,

छ. खाद्य प्रशोधन गर्न आवश्यक पर्ने कुनै उपकरण जडान भै कुनै वस्तु वा पदार्थको उत्पादन गरिएकोमा अनुगमन गर्ने निकायले उत्पादन प्रशोधन कानून सम्मत भए नभएको हेरी नभएको भए त्यस्तो स्थानमा सिलवन्दी गर्न सक्नेछ,

ज. उपदफा (छ) बमोजिम सिलबन्दी गरिएकोमा प्रशोधन उधोगलाई निश्चित समायवधि दिई आवश्यक मापदण्ड पूरा गरी सुधार गर्न समिति वा प्रचलित कानून बमोजिमको अधिकारीको निर्देशनका लागि आवश्यक कार्य गर्ने,

झ. उपदफा (ज) बमोजिम निर्देशन दिएकोमा उद्योगले सुधारात्मक कार्य गरी सिलबन्दी हटाई पाउँ भनी कार्यालयमा निवेदन दिएमा अनुगमन टोलीले अनुगमन गरी सुधार भएको पाइएमा सिलबन्दी हटाई दिन सक्नेछ र सुधार भएको नपाइमा कानूनी कारबाही अगाडि बढाउन समिति समक्ष सिफारिस गर्नेछ।

ञ. वस्तु वा सेवा क्षेत्रमा अनुचित व्यापारिक क्रियाकलाप (Unfair Trade Practices), प्रचलित कानूनद्धारा निषेधित व्यापारिक वा व्यवसायिक क्रियाकलाप (Restrictive Trade Practices) र एकाधिकारपूर्ण क्रियाकलाप (Monopolistic Trade Practices) गरे नगरेको विषयमा समेत अनुगमनका जाँचबुझ गर्न सकिनेछ।

२. समितिले बजार अनुगमन सम्बन्धमा आवश्यकता अनुसार अन्य काम गर्न वा अन्य कसैलाई निर्देशन दिन सक्नेछ।

## परिच्छेद -६
## अनुगमनकर्ताको आचार संहिता

१६. आचार संहिता पालना गर्नुपर्नेः

१. अनुगमन टोलीका सदस्यहरुले निम्न बमोजिमको आचार संहिता पालना गर्नुपर्नेछ :

क. अनुगमनस्थल र अनुगमन गरिने वस्तुको बारेमा सो कार्यमा संलग्न सदस्यहरू बाहेक अरू कसैलाई पनि सो बारेमा पूर्व सूचना वा जानकारी गराउनु हुदैन,

ख. अनुगमनमा खटिने सदस्यहरुले आफ्नो परिवारभित्रका व्यक्ति कहाँ अनुगमन गर्न जानु हुदैन,

ग. अनुगमन कार्यमा संलग्न कुनै पनि सदस्यले विक्रेता वा व्यवसायीबाट कुनै पनि किसिमको चन्दा, दान, दातव्य वा उपहार स्वीकार गर्नु हुँदैन,

घ. अनुगमन गर्न जाँदा सेवा प्रदायकहरूले दिएको सुविधा तथा आतिथ्यता स्वीकार गर्नु हुँदैन,

ङ. कुनै किसिमको प्रलोभन वा मोलाहिजामा पर्नु हुँदैन,

च. अनुगमन सम्बन्धी काम कारवाहीको सूचना प्रवाह गर्दा अनुगमन टोलीको नेतृत्व गर्ने व्यक्तिबाट मात्र प्रवाह गर्नुपर्नेछ,

छ. अनुगमन टोलीका पदाधिकारीहरू प्रदायक समक्ष मर्यादित तरिकाले प्रस्तुत हुनुपर्नेछ,

ज. भण्डारण स्थल वा पसलबाट जथाभावी तरिकाले माल वस्तु निकाल्नु हुँदैन,

झ. मानव अधिकारवादी संघसंस्था, उपभोक्ता हकहित संरक्षण कार्यमा संलग्न संस्थाहरू, विभिन्न सञ्चार माध्यममा कार्यरत सञ्चारकर्मी प्रतिनिधिहरूले अनुगमन कार्यलाई सहयोग पुग्ने गरी अनुगमन प्रक्रियाको स्थलगत अवलोकन गर्न सक्नेछ।

२. उपदफा १ को खण्ड (झ) मा जुनसुकै कुरा लेखिएको भए तापनि मालसामान जफत गर्ने, धुल्याउने वा नष्ट गर्ने वा सिलबन्दी गर्ने कार्यमा सम्बन्धित कर्मचारी सहित प्रहरीको सहयोग लिई कार्य सम्पन्न गर्नुपर्नेछ।

# परिच्छेद -७

# विविध

१७. बजार अनुगमनको कार्यक्रम तथा बजेटः

(क) बजार अनुगमन सम्बन्धी कार्य प्रभावकारी रुपमा गर्न गराउन गाउँपालिकाले आवश्यकता अनुसार जनशक्ति, कार्यक्रम तथा बजेटको व्यवस्था गर्नुपर्नेछ।

(ख) बजार अनुगमन गर्न खटिएका अनुगमन टोलीका सदस्यहरुलाई प्रति दिन प्रति व्यक्ति ६०० रुपैयाँ पारिश्रमिक भत्ताको रुपमा उपलब्ध गराइनेछ।

१८. सम्बन्धित अधिकारी र निकायको कर्तव्य: बजार अनुगमन गर्दा अनुगमन टोलीले सुरक्षा लगायतका आवश्यक सहयोग माग गरेमा तत्काल त्यस्तो सुरक्षा तथा सहयोग उपलब्ध गराउनु सम्बन्धित अधिकारी र निकायको कर्तव्य हुनेछ ।

१९. असल नियतले गरेका काम बचाऊः यस निर्देशिका बमोजिम बजार अनुगमन गर्दा असल नियतले गरेका कामको सम्बन्धमा टोलीका संयोजक तथा सदस्यहरू उपर कुनै कारवाही हुने छैन । तर असल नियतले गरेको कार्यको प्रमाण भने टोलीका संयोजक र सदस्यहरुले पुऱ्याउनु पर्नेछ।

२०. प्रचलित कानुन बमोजिम हुनेः यस निर्देशिकामा भएको व्यवस्थाले प्रचलित कानुन बमोजिम हुने बजार अनुगमन सम्बन्धी कार्य गर्न बाधा पुऱ्याएको मानिने छैन ।

२१. पुनरावदेन गर्न सक्ने:

१. अनुगमन टोलीले गरेको कारबाही उपर चित्त नबुझेमा बिक्रेता वा प्रदायकले समिति समक्ष लिखित रुपमा उजुरी दिन सक्नेछ।

२. दफा (१) बमोजिम उजुरी प्राप्त भएको एक महिनाभित्र समितिले आवश्यक छानविन गरी अन्तिम निर्णय दिनु पर्नेछ।

३. दफा (२) बमोजिम समितिले दिएको अन्तिम निर्णय उपर चित्त नबुझेमा विक्रेता वा प्रदायकले जिल्ला अदालत समक्ष पुनरावदेन दिन सक्नेछ।

२२. प्रतिवेदनः बजार अनुगमनको मासिक प्रतिवेदन अनुगमन टोलीले अनुसूची- १ बमोजिमको ढाँचामा तयार गर्नु पर्नेछ ।

२३. बाधा अड्काउ फुकाउने अधिकारः यस निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले निर्णय गरी बाधा अड्काउ फुकाउ गर्न सक्नेछ ।

२४. प्रारम्भ, खारेजी र बचाउः (१) यो निर्देशिका तुरुन्त लागु हुनेछ।

(२) बन्दीपुर गाउँपालिकाको बजार अनुगमन निर्देशिका, २०७५ खारेज गरिएको छ, उक्त निर्देशिका बमोजिम भए गरेका काम कारवाही यसै निर्दशिका बमोजिम भएको मानिनेछ।

अनुसूची -१

(दफा ४ को उपदफा (ग) सँग सम्बन्धित)

श्री संयोजकज्यू,
उपभोक्ता हित संरक्षण समिति,
बन्दीपुर गाउँपालिका, बन्दीपुर तनहुँ।

## विषयः- बजार अनुगमनको मासिक प्रतिवेदन ।

आज मिति ............................ देखि मिति ............................ सम्म निम्न स्थानहरूमा बजार अनुगमन गर्दा निम्नानुसार देखिएको व्यहोरा अनुरोध छ ।

| सि. नं. | अनुगमन गरिएको स्थान | अनुगमन गरिएको क्षेत्र/प्रकृति/वस्तुहरू | अनुगमनको विवरण (परिणाम, अवस्था र अन्य कुरा) व्यवसायिक प्रतिष्ठा संस्था | सामानको जफत/बरामदी (नाम परिमाण) | नष्ट गरिएको वस्तु/परिमाण (नाम परिमाण) | सिलबन्दी गरिएको मात्रा / संख्या | गरिएको नमुना संकलन मात्रा/संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

स्पष्ट गर्नुपर्ने अन्य केही भए ........................

# अनुसूची -२

## (दफा ११ को उपदफा २ सँग सम्बन्धित)

(अ) अनुगमन गरिने वस्तुको वर्गिकरणः बजार अनुगमनको क्रममा बिभिन्न उपभोग्य वस्तु तथा सेवाको अनुगमन गर्नु पर्ने भएकाले उपभोग्य वस्तु तथा सेवाको निम्नानुसार वर्गिकरण गरिएको छ :-

१. समूह "क" -खाद्यान्न माछा, मासुजन्य, तरकारी फलफूल, दैनिक उपभोग्य

(१) खाद्यान्न तथा खाद्य पदार्थहरू नून, चिनी, चिया, कफी, मह, प्रशोधित पानी आदि ।

(२) अप्रशोधित, अर्धप्रशोधित वा प्रशोधित खाद्य पदार्थहरू,

(३) प्रशोधित खाद्य पदार्थ उत्पादन गर्न प्रयोग गरिने कच्चा पदार्थ,

(४) खाद्य पदार्थ उत्पादन गर्ने उद्योग,

(५) खाद्य पदार्थ विक्री वितरण गरिने विक्रीस्थल र भण्डारगृह वा संचय स्थल,

(६) खाने तेल, घिउ (वनस्पती घिउ समेत),

(८) दुध तथा दुग्ध पदार्थहरू र दुध प्याकिङ्ग गर्न प्रयोग हुने प्लाष्टिक पाउचहरू,

(९) माछा, मासु, अण्डा,

(१०) मसलाजन्य पदार्थहरू (जिरा, मरिच, अदुवा, लसुन, धनिया, बेसार, ज्वानो, मेथी, ल्वाङ, सुकुमेल, अलैंची, दाल्चिनी र खुर्सानी लगायतका मसलाको रूपमा उपभोग गरिने पदार्थहरू)

२. समूह "ख" औषधी एवं स्वास्थ्य सेवा

(१) औषधी तथा औषधीजन्य पदार्थहरू (पशुपंक्षी औषधी तथा जडिबुटीमा आधारित औषधी समेत),

(२) औषधी उत्पादन गर्ने उद्योग तथा बिक्री वितरण गरिने स्थल,

(३) अस्पताल, नर्सिङहोम, क्लिनिक आदि स्वास्थ्य सेवा प्रदायक सस्थाहरु ।

३. समूह "ग" रासायनिक मल, विषादी, विउ बिजन, कृषि औजारः

(१) पशुपंक्षी आहार र त्यसमा प्रयोग हुने कच्चा पदार्थहरू समेत,

(२) रासायनिक मल, विषादी, बिउविजन, कृषि औजारहरु,

४. समूह "घ"इन्धनः

(१) इन्धन भण्डारण, पेट्रोलियम पदार्थको नापतौल, गुणस्तर मूल्य तथा मापदण्डहरूको परिपालना,

५. समूह "ङ" निर्माण सामाग्रीः

(१) ढुङ्गा, इटा, गिट्टी, बालुवा लगायतका निर्माण सामाग्री तथा सोसँग सम्बन्धित उद्योग, भण्डारण

स्थल र बिक्री वितरण स्थल ।

६. समूह “च” शैक्षिक सामाग्री:

(१) पाठ्य सामग्री, स्टेशनरी लगायतका शैक्षिक सामाग्रीहरु ।

(२) शिक्षा ऐन अनुसार विद्यालयहरुको शूल्क आदि ।

७. समूह “छ” होटल, लज, रेष्टुरा, खाजाघर, चमेना गृह, लज:

(१) होटल, रेष्टुरा, खाजाघर, चमेना गृह, लजको सरसफाइ तथा अन्य व्यवस्थापन

(२) प्रशोधित र अप्रशोधित वस्तुहरुको भण्डारण

(३) होटल, रेष्टुरा तथा मिठाई पसलहरूमा बिक्री हुने पकवान तथा प्याकेजिङ्ग गरी बिक्री हुने खाद्य पदार्थहरू, हल्का पेय पदार्थहरू, मदिराजन्य पदार्थ,

८. समूह “ज” सुर्तिजन्य पदार्थ:

(१) सुपारी, पानपराग, सुर्ती, विडी, चुरोट तथा सुर्तीजन्य पदार्थ ।

९. समूह “झ” नाप तौल:

(१) ढक, तराजु लगायतका नापतौलमा प्रयोग हुने उपकरणहरू ।

१०. समूह “ञ” पशुपंक्षी हाट बजार:

(१) पशुपंक्षी हाटबजार तथा बिक्री स्थल ।

११. समूह “ट” सौन्दर्य सामाग्री:

(१) विभिन्न प्रकारका सौन्दर्य सामाग्रीहरु

(२) व्यूटि पार्लर, सैलुन आदि ।

१२. समूह “ठ” विद्युतीय सामानहरु:

(१) विद्युतीय सामानहरू,

(२) इलेक्ट्रनिक्स सामानहरू ।

१३. समूह “ड” रङ्गरोगन:

(१) विभिन्न कम्पनिका भवन सम्बन्धि रङ्ग र रङ्गरोगन सम्बन्धी सामाग्रीहरु ।

१४. समूह “ढ” गरगहना :

(१) सुन, चाादि, हिरा, मोती, जवाहरत तथा सो बाट निर्मित गरगहनाहरुको नापतौल एंव गुणस्तर ।

१५. समूह “ण” सवारी साधन:

(१) ट्याक्सी मिटर शुल्क र रिक्सा,  नगरबस आदिको भाडा आदि ।

१६. समूह “त” अन्यः

(१) अन्य उपभोग्य वस्तुहरूको उत्पादन स्थल, प्रशोधन स्थल, ढुवानीको अवस्था, बिक्री स्थलहरू,

(आ) अनुगमन गरिने सेवाको विवरणः

(१) व्यापारिक सेवा

(२) संचार सेवा,

(३) स्थल यातायात तथा हवाई सेवा,

(४) बिद्युत सेवा,

(५) खानेपानी सेवा,

(६) विज्ञापन सेवा अन्य उपभोग्य सेवाहरू,

(७) स्वास्थ्य सेवा,

(८) शिक्षा सेवा,

(९) वित्तिय सेवाहरु,

(१०) होटेल तथा लज

(११) यात्रा सेवा

(१२) उद्योग तथा कलकारखाना

अनुसूची - ३

(दफा ११ को उपदफा ३  सँग सम्बन्धित)

दैनिक बजार अनुगमन फारम

मितिः

व्यापारिक प्रतिष्ठानको नामः

ठेगानाः

प्रोपाइटर वा फर्मधनीको नामः

बजार अनुगमन टोलीबाट तपाईको विक्रीस्थल/गोदाम/उद्योगको निरीक्षण गर्दा निम्न अनुरूपको स्थिति भेटिएकोले देहायअनुसार गर्नु गराउनु हुन निर्देशन दिइएको छ।

| क.सं. | विवरण | भएको | नभएको | टोलीबाट दिइएको निर्देशन |
|---|---|---|---|---|
| १. | मूल्य-सूची | | | |
| २. | साइनबोर्ड | | | |
| ३. | व्यवसाय दर्ता/नवीकरण | | | |
| ४. | नापतौलको प्रमाण | | | |
| ६. | लेबलमा खुलाउनुपर्ने कुराहरू स्पष्ट उल्लेख भए/नभएको | | | |
| ७. | म्याद नाघेको सामाग्री | | | |
| ८. | स्थायी लेखा (PAN) नम्बर/Vat मा दर्ता | | | |
| ९. | बिक्री बिल दिने प्रक्रिया भए/नभएको | | | |
| १०. | खाद्य अनुज्ञा-पत्र (खाद्य उद्योगको लागि) | | | |
| ११. | मासुको गुणस्तर सन्तोषजनक भए/नभएको | | | |

| | | | | |
|---|---|---|---|---|
| १२. | मिठाईको गुणस्तर लगायतका पक्षहरू सन्तोषजनक | | | |
| १३. | ग्याासको तौल, मूल्य लगायतका विषय सन्तोषजनक | | | |
| १४. | खरिद बिल/नभएको | | | |
| १५. | यस अगाडिको निर्देशनमा पालना | | | |
| १६. | अन्य कैफियतपूर्ण स्थिति (खुलाउने) | | | |

एक पटक दिइएका निर्देशनहरू पुनः अनुगमन गर्दा पालना नभएको पाइएमा प्रचलित कानून बमोजिम कडा कारबाही हुनेछ ।

निरीक्षण टोली

१. संयोजक श्री ...................................

२. सदस्य श्री .....................................

३. सदस्य श्री .....................................

४. सदस्य श्री ....................................

५. सदस्य श्री.....................................

मथि उल्लेखित विवरण ठीक छ भनी उत्पादक/बिक्रेताको नाम र सही: प्रतिष्ठानको छाप

# अनुसूची - ४
(दफा १४ सँग सम्बन्धित)

## मुचुल्का

बन्दीपुर गाउँपालिका वडा नं. ……टोल……….................. मा खडा गरेको घटनास्थल/बरामदी/खानतलासी/शिलछाप लगाएको मुचुल्काः-

१. उजुरी वा सूचनाको छोटकरी विवरणः-

२. चार किल्ला सहित खानतलासी/बरामदी गरिएको चिज वस्तुको नमुना तथा ठाउको विवरणः-

३. बरामद भएको सामान/दसीको विवरण/शिलछाप गरिएको विवरणः-

(क)

(ख)

(ग)

४. खानतलासी/बरामदी भएको देखे बमोजिम सहि छाप गर्ने साक्षीः- (नाम, वतन समेत)

(क)

(ख)

(ग)

५. रोहबरमा बस्नेहरूको नाम, थर, उमेर, वतन र सहिछापः-

(क)

(ख)

(ग)

६. अनुगमन टोलीले मेरो उद्योग, गोदाम, पसलमा अनुगमन गर्दा कुनै सामान हिनामिना भएको छैन । माथि प्रकरण ३ मा उल्लेख भएका माल सामानहरू ……. उद्योग, गोदाम, पसलबाट बरामद भएको हो । साथै टोलीले लगाएको सिल थान……छाप भएको ठिक साांचो हो भनि सहिछाप गर्नेः-

(क)

(ख)

(ग)

७. कार्य तामेली गर्नेः-

(क)

(ख)

(ग)

मितिः- समयः-

आज्ञाले

नवेशराज हमाल

प्रमुख प्रशासकीय अधिकृत